# सन्दकपुर गाउँपालिकाको सहकारी नियमावली, २०७८

**गाउँकार्यपालिकाबाट स्विकृत मितिः २०७८/०९/२९**

**प्रमाणीकरण मितिः २०७८/०९/२९**

<u>प्रस्तावनाः</u>

सन्दकपुर गाउँपालिकाको सहकारी ऐन,२०७४ को परिच्छेद ४ ले दिएको अधिकार प्रयोग गरी सन्दकपुर गाउँपालिकाले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम " सन्दकपुर गाउँपालिकाको **सहकारी नियमावली,** २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,—

(क) **"ऐन"** भन्नाले सन्दकपुर गाउँपालिकाको सहकारी ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ख) **"अनुदान"** भन्नाले मन्त्रालयले तोकेको सहकारीको क्षेत्र, सीमा र प्रकृति अनुसार लगानी गर्न मन्त्रालय वा कार्यालयबाट प्राप्त सहयोग रकम सम्झनुपर्छ ।

(ग) **"कर्जा वा ऋण"** भन्नाले चल अचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले लिएको, सदस्यलाई दिएको कर्जा वा ऋणको साँवा, ब्याज र हर्जना समेतको रकम सम्झनुपर्छ ।

(घ) **"कार्यालय"** भन्नाले सन्दकपुर गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(ङ) **"नियमित बचत"** भन्नाले सदस्यले दैनिक, साप्ताहिक, पाक्षिक, मासिक वा बार्षिक रुपमा गर्ने बचत रकम सम्झनुपर्छ ।

(च) **"बहुउद्देश्यीय सहकारी संस्था"** भन्नाले दुई वा दुईभन्दा बढी उद्देश्य लिई काम गर्ने सहकारी संस्था सम्झनुपर्छ ।

(छ) **"बिशिष्टीकृत सहकारी सङ्घ"** भन्नाले प्रदेश सहकारी ऐन,२०७६ को दफा ८ र संघीय सहकारी ऐन,२०७४ को दफा ९ बमोजिम गठन हुने बिशिष्टीकृत सहकारी सङ्घ सम्झनु पर्छ ।

(ज) **“मन्त्रालय”** भन्नाले संघीय तथा प्रदेश नं. १ को सहकारी हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ ।

(झ) **"व्यवस्थापक"** भन्नाले सहकारी संस्थाको व्यवस्थापक वा प्रबन्धक सम्झनु पर्छ ।

(ञ) **"रजिष्ट्रार"** भन्नाले संघको रजिष्ट्रार  सम्झनु पर्छ र सो शब्दले प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयको प्रमुखलाई समेत जनाउँछ ।

(ट) **“संस्थागत पुँजी”** भन्नाले सहकारी संस्थाको पछिल्लो आर्थिक वर्षको जगेडा कोष, अन्य कोषहरु, पुरस्कार तथा अनुदान रकम समेतलाई सम्झनुपर्छ ।

(ठ) **“दर्ता गर्ने अधिकारी”**  भन्नाले सन्दकपुर गाउँपालिकाको सहकारी ऐन २०७४ को दफा ...... को अधिकारीलाइ सम्झनुपर्छ ।

## परिच्छेद २

## संस्था गठन दर्ता तथा सञ्चालन

३. संस्था गठन, दर्ता तथा सञ्चालन : (१) ऐनको दफा ३ को उपदफा (३) बमोजिम पेसागत सङ्गठनका आधारमा सहकारी संस्था गठन गर्दा देहायका सर्तहरू पूरा भएको हुनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम दर्ता भएको पेशागत सङ्गठनका सदस्यहरू मात्र सदस्य हुनु पर्ने,

(ख) संस्थाको कार्यक्षेत्र सन्दकपुर गाउँपालिका भित्र हुनु पर्ने ,

(ग)गाउँपालिकामा आफ्नो पेसागत सङ्गठनको एकमात्र प्रारम्भिक संस्था गठन भएको हुनु पर्ने ।

(२)विद्यालय, विश्वविद्यालय वा सङ्गठित पेसागत संस्थामा कार्यरत प्राध्यापक, शिक्षक वा कर्मचारीले यस नियम बमोजिम गठन हुने कुनै एकमात्र संस्थामा सदस्यता लिन सक्नेछन्

(३)यस नियम बमोजिम दर्ता भएका संस्थाहरूले देहायका कार्यहरू मात्र गर्न सक्नेछन् :-

(क)सदस्यहरूबाट विनियममा तोकिएको सीमासम्मको मासिक बचत सङ्कलन गर्ने,

(ख) खण्ड (क) बमोजिम सङ्कलित बचत रकम सदस्यहरूलाई ऋण तथा सापटीको रूपमा परिचालन गर्ने,

(ग)सदस्यहरूको बौद्धिक विकास, कला एवम् साहित्यका क्षेत्रमा रचनात्मक कार्य गर्ने।

(४) यस नियम बमोजिमका संस्थाको गठन तथा अन्य व्यवस्था कार्यालयबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

(५) संस्था दर्ता गर्दा सम्बन्धित पेशागत संगठनको सिफारिस आवश्यक पर्नेछ ।

४. विशिष्टीकृत सङ्घको गठनका आधार तथा सञ्चालन प्रकृया: (१) प्रदेश सहकारी ऐनको दफा ८ र संघीय सहकारी ऐनको दफा ९ बमोजिम संस्थाहरू मिली विशिष्टीकृत सहकारी सङ्घ गठन गर्न सक्नेछन् ।

५. संस्था दर्ताको दर्खास्तको ढाँचा र पेस गर्नु पर्ने विवरण: (१) ऐनको दफा  ५ को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारी वा अधिकार प्राप्त अधिकारी समक्ष  संस्था दर्ता गर्नका लागि दरखास्त दिनुपर्नेछ । सो अनुसार दरखास्त प्राप्त भएपछि दर्ता गर्ने

अधिकारी वा अधिकार प्राप्त अधिकारीले प्रचलित कानुन बमोजिमको ढाँचामा प्रमाण पत्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिँदा ऐनको दफा ५ को उपदफा (२) को खण्ड (ख) बमोजिमको प्रतिवेदन अनुसूची-१ को ढाँचामा र खण्ड (ग) बमोजिमको विवरण अनुसूची-२ को ढाँचामा दरखास्त साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिँदा दफा ५ को उपदफा (२) मा उल्लिखित कागजातका अतिरिक्त देहायका विवरण समेत संलग्न गर्नु पर्नेछः-

(क) प्रारम्भिक भेलाका निर्णयहरू,

(ख) अनुसूची -३ को ढाँचामा व्यावसायिक कार्ययोजना,

(ग) अनुसूची -४को ढाँचामा सदस्यबाट शेयर पुँजी तथा प्रवेश शुल्क बापत सङ्कलित रकमको भरपाई,

(घ) अनुसूची -५ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण,

(ङ) अनुसूची -६ को ढाँचामा स्व-घोषणा पत्र,

(च) अनुसूची -७ को ढाँचामा अधिकार प्रत्यायोजन पत्र,

(छ) आवेदक संस्थाका पदाधिकारीहरु मध्ये कम्तिमा दस प्रतिशत सदस्यले एक दिवसीय पूर्व–सहकारी शिक्षा प्राप्त गरेको प्रमाण,

(ज) आवेदकहरूको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,

(झ) पेशागत सङ्गठनका आधारमा दर्ता हुने संस्थाको हकमा त्यस्तो पेशागत सङ्गठनको आवद्धताको परिचयपत्रको प्रतिलिपि,

(ञ) संस्थाको कायक्षेत्र भित्र बसोबास गरेको पुष्टयाइँ हुने प्रमाण।

६. <u>बचत तथा ऋण सहकारी संस्था दर्ताको मापदण्डः</u> (१) ऐनको दफा ६ बमोजिम दर्ता हुँदाका बखत एक वडा भन्दा कार्यक्षेत्र नबढ्ने गरी बचत तथा ऋण सहकारी संस्था दर्ता गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम दर्ता भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरू तीन वर्षभित्र नियम ३१ बमोजिम एकीकरण गरिसक्नुपर्नेछ ।तर महिलामात्र सदस्य भएको संस्था एकीकरण गर्दा महिलामात्र सदस्य भएको संस्थासँग वा एकीकरण पश्चात पनि महिलाहरुको नेतृत्व सुनिश्चित हुने गरी एकीकरण गर्न सकिनेछ ।

७. <u>सहकारी संस्थाको कार्यक्षेत्र :</u> (१) ऐनको दफा ९ को उपदफा (२) बमोजिम कार्यक्षेत्र विस्तार गर्दा उक्त दफामा उल्लेखित आधारका अतिरिक्त देहायका विशेष व्यावसायिक आवश्यकतालाई समेत आधार लिनु पर्नेछ :-

(क) उत्पादनको सङ्कलन, सञ्चय, प्रशोधन र सुविधाका दृष्टिले न्यूनतम आयतन (भोल्युम) कायम गर्न आवश्यक भएको,

(ख) निश्चित भौगोलिक क्षेत्रसम्म उत्पादन क्षेत्र कायम भएको,

(ग) सिँचाइ सुविधा, प्राविधिक रेखदेख, रोगव्याधि नियन्त्रणका दृष्टिले उपयुक्त एकाई कायम गर्नुपर्ने भएको,

(घ) सेवाको माग, प्रति एकाई लागत, सञ्चालन खर्च, व्यवस्थापकीय रेखदेख, स्थिर सम्पत्तिको उपयोग समेतवाट कार्यक्षेत्रको विस्तार आवश्यक भएको ।तर संस्थाको मौजुदा कार्यक्षेत्रमा सदस्यता एवम् व्यावसायिक सेवा विस्तारको मनासिब स्तर हासिल नभएसम्म त्यस्तो संस्थाको कार्यक्षेत्र विस्तार गर्नु हुँदैन ।

८. <u>सहकारी संस्थाको कार्यक्षेत्र पुनः निर्धारणका आधार तथा प्रक्रिया</u> : (१) संस्थाको कार्यक्षेत्र पुनः निर्धारण गर्दा देहायको प्रक्रिया पूरा गर्नुपर्छ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवं सेवा विस्तारको लेखाजोखा (वडागत रुपमा जम्मा व्यावसायिक कारोवारको तीन प्रतिशत भन्दा बढी भएको), वा अध्ययन प्रतिवेदन प्राप्त गरिएको,

(ख) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको,

(ग) कार्यक्षेत्र विस्तार गर्दा ऐनको दफा २२ को उपदफा (१) विपरीत दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरिएको

(घ) ऐनको दफा ९ को उपदफा (२) बमोजिम अनुसूची –८ को ढाँचामा दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएको र दर्ता गर्ने अधिकारीले विनियम संशोधनको प्रक्रिया पूरा गरी पेश गर्न आदेश दिएको हुनुपर्नेछ ।

(२) संस्थाको कार्यक्षेत्र पुनः निर्धारणका लागि ऐनको दफा ९ को उपदफा (३) बमोजिम संस्थाले देहायका विवरण पेश गर्नुपर्नेछ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाका शाखा कार्यालय, सेवा केन्द्र वा सम्पर्क केन्द्र अनुसारको सञ्चालन खर्च, कारोबार र नाफा-नोक्सानको विवरण,

(ख) मौजुदा कार्यक्षेत्रको वडा अनुसार सदस्यहरूको नाम, थर, ठेगाना, शेयर र बचतको विवरण,

(ग) मौजुदा कार्यक्षेत्रमा संस्थाले सञ्चालन गरेका उद्योग, लगानी र व्यावसायिक सेवा सुविधाहरूको वडाअनुसारको विवरण ।

(४) कार्यक्षेत्र घटाउने निर्देशन दिंदा झिकिने कार्यक्षेत्रमा १० प्रतिशत भन्दा कम सदस्य रहेको वा १० प्रतिशत भन्दा कम कारोबार रहेको हुनुपर्नेछ ।

९. <u>संस्थाको उद्देश्य र कार्य परिवर्तन सम्बन्धी व्यवस्था:</u> (१) कुनै सहकारी संस्थाका सदस्यहरुले आफ्नो व्यावसायिक आवश्यकताको आधारमा दर्ता हुँदाको बखतको उद्देश्य र कार्य परिवर्तन गर्न चाहेमा साधारण सभामा कायम रहेको कूल सदस्य सङ्ख्याको बहुमतबाट निर्णय गराइ सोही बमोजिम संस्थाको विनियममा समेत संशोधन गरी सो को स्वीकृतिको लागि दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) बचत तथा ऋण सहकारी संस्था, बहुउद्देश्यीय सहकारी संस्था जस्ता बित्तीय सहकारी संस्थाबाहेक उत्पादक सहकारी संस्था, सेवा सहकारी संस्था (श्रमिक संस्था, स्वास्थ्य संस्था, यातायात संस्था), उपभोक्ता भण्डार समेतका उपभोक्ता सहकारी संस्थाको

विनियममा बचत तथा ऋणको  कारोबार गर्ने गरी उद्देश्य वा कार्य समावेश गर्नु हुँदैन ।

(३) उपनियम (१) बमोजिम परिवर्तनको लागि विनियम संशोधन गर्दा प्रचलित ऐन तथा यस नियमावलीको अधिनमा रही कार्यालयवाट निर्धारित सर्त र कार्यविधि पूरा गरी गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले आवश्यक जाँचबुझ गरी संशोधन गरिएको विनियम स्वीकृत गर्नु पर्नेछ ।

१०. <u>संयुक्त रूपमा वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन</u>ः (१) ऐनको दफा १२ को उपदफा (५) बमोजिम दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त रूपमा वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि देहायबमोजिमका साझा आधार विकास गरेर कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् :-

(क) सम्बन्धित संस्थाका सदस्यहरूको आवश्यकतामा आधारित उत्पादनको मूल्य शृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रबन्ध,

(ख) प्रस्तावित कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चांलन विधि, सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरण लगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रूपरेखा तयारी,

(ग) प्रस्तावित संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको सम्भाव्यता तयारी,

(घ) सम्बद्ध संस्थाहरू प्रत्येकको साधारण सभाको कुल सदस्य सङ्ख्याको बहुमतबाट पारित खण्ड (ख) बमोजिमको प्रस्तावना,

(ङ) खण्ड (घ) बमोजिम पारित प्रस्तावना संयुक्तरूपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बद्ध संस्थाहरूबीचको करार सम्झौता,

(च) प्रचलित कानुनबमोजिम स्थानीय तह वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए दर्ता गरिएको,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत, सहमति वा स्वीकृति लिनुपर्ने भए लिएको ।

(२) उपनियम (१) को अधिनमा रही अन्तरसहकारी सहयोगको भावनाले आवश्यकता अनुसार विषयगत वा फरक विषयगत वा बहुउद्देश्यीय संस्थाहरु मिली संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्न सक्नेछन् ।

(३) उपनियम (१) बमोजिम कार्य पूरा गरी सम्बन्धित संस्थाहरूले तत्सम्बन्धी सम्पूर्ण कागजात संलग्न राखी दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदन उपर दर्ता गर्ने अधिकारीले तीस दिन भित्र आवश्यक जाँचबुझ गरी संयुक्त रूपमा वा साझेदारीमा कारोबार, उद्योग वा व्यवसाय सञ्चालन गर्ने अनुमति दिनुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम अनुमति दिएकोमा दर्ता गर्ने अधिकारीले सोको अभिलेख छुट्टै दर्ता किताबमा दर्ता गरी राख्नुपर्नेछ ।

(६) यस नियम बमोजिम दर्ता भएको संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजनाले दर्ता गर्ने अधिकारीले तोकेको ढाँचामा नियमित रूपमा प्रगति प्रतिवेदनका साथै वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

११. **सहकारी संस्थाको विनियम** : (१) ऐनको दफा १७ को उपदफा (१) बमोजिम विनियम बनाउँदा सहकारी संस्थाले अनुसूची – ९ मा उल्लिखित विनियमका अङ्ग तथा विषयहरू समावेश गर्नु पर्नेछ ।

(२) सहकारी संस्थाको प्रकृति हेरी दर्ता गर्ने अधिकारीले थप विनियमका अङ्ग तथा विषयहरू विनियममा समावेश गर्ने गरी तोक्न सक्नेछ ।

## परिच्छेद-३

## सदस्यता

१२. **सदस्यताको समाप्ति**ः (१) ऐनको दफा २३ बमोजिम कुनै सदस्यको सदस्यता समाप्ति गर्दा देहायको प्रक्रिया पूरा गरेको हुनु पर्नेछ :-

(क) सदस्यता समाप्तिको आधार सहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको हुनुपर्ने,

(ख) सदस्यता समाप्ति सम्बन्धी आधारका सम्बन्धमा सञ्चालक समितिले उपसमिति बनाई छानबिन गरी प्रतिवेदन लिएको हुनुपर्ने,

(ग) सदस्यता समाप्ति गरिने सदस्यलाई खण्ड (ख) बमोजिमको समितिले आफ्नो सफाइ पेश गर्ने मुनासिब माफिकको मौका दिएको हुनुपर्ने,

(घ) सञ्चालक समितिको निर्णय भएको हुनुपर्ने ।

(२) उपनियम (१) बमोजिम सञ्चालक समितिको निर्णय चित्त नबुझेमा साधारण सभामा उजुरी गर्नु पर्नेछ ।साधारण सभाको निर्णय उपर चित्त नबुझेमा दर्ता गर्ने अधिकारी समक्ष उजुरी गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २२ को उपदफा (१) बमोजिम दोहोरो सदस्यता भए, नभएको सम्बन्धमा संस्थाले आफ्ना सदस्यहरूलाई यो नियमावली लागू भएको मितिले एक वर्ष भित्र स्व-घोषणा गर्न सूचना दिई दोहोरो सदस्यता भएको पाइएमा सोही अवधि भित्र हटाई सक्नुपर्नेछ।

(४) उप-नियम (३) बमोजिम प्राप्त सूचनाका आधारमा ऐनको दफा २२ को उपदफा (१) विपरित दोहोरो सदस्यता भएको सदस्यको हकमा निजले चाहेको संस्थाको सदस्यता कायम राखी अन्य संस्थाले त्यस्तो सदस्यको दोहोरो सदस्यता अन्त्य गर्नुपर्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले ऐनको दफा २२ को उपदफा (१) विपरीत कुनै सदस्यको दोहोरो सदस्यता रहेको देखिएमा

सबै भन्दा पहिला लिएको संस्थाको सदस्यता कायम गरी अन्य संस्थाको सदस्यता खारेज गर्न निर्देशन दिन सक्नेछ र त्यस्ता संस्थाले तदनुसार सदस्यता अन्त्य गर्नुपर्नेछ ।

## परिच्छेद-४

## साधारण सभा

१३. **साधारण सभाको बैठकः** (१) साधारण सभाको बैठक डाकिएको सूचना र कार्यसूची सबै सदस्यहरूले समयमै प्राप्त गर्ने गरी पत्राचार, एस.एम.एस, एफ.एम. रेडियो, पत्रपत्रिका लगायत सम्भव भएसम्म स्थानीय सञ्चारका बहुमाध्यमबाट दिनुपर्नेछ ।

(२) साधारण सभाको बैठकमा सदस्यहरू स्वयम् उपस्थित हुनुपर्नेछ ।

(३) समितिले साधारण सभाको बैठकमा पेस गरिने विषयको कार्यसूची साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरूलाई बैठक बस्नु अगावै यथाशक्य छिटो उपलब्ध गराउनु पर्दछ ।

(४) साधारण सभाको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति तथा आफूहरु मध्येबाट सञ्चालकले चुनेका ४ जना सदस्यहरूले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नुपर्दछ ।

(५) सदस्य सङ्ख्या एक हजार नाघेपछि एकै स्थानमा सबै जना जम्मा भएर साधारण सभाको बैठक गर्न असुविधा परी वडा–वडा वा पायकको एकभन्दा बढी स्थानमा समान कार्यसूची राखेर साधारण सभा सञ्चालन गर्नु पर्दा प्रत्येक स्थानमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको उपस्थिति गराउनु पर्छ र देहाय अनुसार साधारण सभा सञ्चालन गर्ने ब्यवस्था गर्नु पर्नेछ ।

(क) संस्थाको कार्यक्षेत्रलाई विभिन्न एकाइमा सदस्य संख्याको आधारमा विभाजन गर्ने ।

(ख) सम्बन्धित एकाइमा रहेका सदस्य संख्याको आधारमा प्रतिनिधि संख्या यकिन गर्ने ।

(ग) यकिन भएको संख्याको आधारमा प्रतिनिधि चयन गर्ने र

(घ) साधारण सभाको समान कार्य सूचीमा एकाइमा रहेका सदस्यहरु बीच छलफल गर्ने र एकाइमा रहेका सदस्यहरुको धारणाको प्रतिनिधित्व चयन भएका प्रतिनिधिले गर्ने ।

(ङ) प्रतिनिधि चयन गर्दा साधारण सदस्यको १:१० अनुपातमा चयन गर्नुपर्नेछ ।

(६) उपनियम (५) मा उल्लिखित अवस्थामा प्रत्येक बैठकको अध्यक्षता गर्ने व्यक्ति र आफूहरु मध्येबाट चुनिएका २ जना सदस्यहरूबाट निर्णय प्रमाणित गर्नुपर्नेछ ।

(७) उपनियम (६) बमोजिम भएका निर्णयहरू साधारणतया अन्तिम बैठक बसेको सात दिनभित्र संस्थामा प्राप्त गरी प्रत्येक बैठकबाट समितिका पदाधिकारीको जम्मा सङ्ख्याको कम्तीमा दोब्बर सङ्ख्या पुग्ने गरी कम्तीमा अध्यक्ष सहित तीन जना चुनिएका प्रतिनिधिहरूले प्रत्येक पानामा सहीछाप गरी अन्तिम निर्णय प्रमाणित गर्नेछन् ।

(८) सबै वा कुनै बैठकको अध्यक्षता गरेकोमा बाहेक सञ्चालक वा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूले उपनियम (७) बमोजिम प्रमाणित हुने बैठकको निर्णय प्रमाणित गर्नु आवश्यक हुनेछैन ।

(९) उपनियम (५) बमोजिम हुने साधारण सभाको बैठकमा सहभागिता सम्बन्धी अन्य व्यवस्था विनियममा भएको व्यवस्था बमोजिम हुनेछ ।

१४. **<u>सञ्चालक समितिको बैठक</u>**: (१) समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।तर दुई बैठकबीचको अवधि साधारणतया साठी दिनभन्दा बढी हुनेछैन ।

(३) समितिको बैठकको गणपूरक सङ्ख्या समितिका कुल सदस्य सङ्ख्याको बहुमत संख्यालाई मानिने छ ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले, निज उपस्थित नभएमा उपाध्यक्षले र निजसमेत उपस्थित नभएमा सञ्चालकहरू मध्ये ज्येष्ठ सदस्यले गर्नेछ ।

(५) उपनियम (२) को अवधिभित्र उपनियम (१) बमोजिम बैठक नबोलाइएमा बहुमत सदस्यले बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछन् र त्यस्तो अनुरोध प्राप्त भएमा अध्यक्षले पन्ध्र दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(६) उपनियम (३) बमोजिम बैठक नबोलाइएको अवस्थामा बहुमत सञ्चालक सदस्यहरू उपस्थित भई उपस्थित मध्येबाट ज्येष्ठ सदस्यको अध्यक्षतामा सञ्चालक समितिको बैठक बस्न सक्नेछ ।

(७) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकबाट प्रमाणित गर्नुपर्नेछ ।

१५. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>**: ऐनको दफा ३२ मा उल्लिखित कार्यका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) संस्थाको समग्र कार्य सञ्चालनमा सदस्यहरूको रचनात्मक सहयोग र सहभागिता जुटाउन आवश्यक कार्य गर्ने,

(ख) सदस्यहरूलाई नियमित रूपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

(ग) ऐन तथा यस नियमावली बमोजिम हुने निरीक्षण, अनुगमन कार्यमा सहयोग पुर्‍याउनुका साथै प्राप्त निर्देशनहरू कार्यान्वयनको व्यवस्था मिलाउने,

(घ) लेखा सुपरिवेक्षण समितिबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्ने गराउने,

(ङ) संस्थाको कार्यसञ्चालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण सम्बन्धी प्रचलित कानुन बमोजिमका व्यवस्थाहरूको कार्यान्वयन गर्ने, गराउने,

(च) आवश्यकता अनुसार उपसमितिहरू गठन गर्ने,

(छ) सदस्य तथा पदाधिकारीहरूका लागि आचार संहिता बनाई लागू गर्ने,

(ज) विनियममा उल्लिखित अन्य कार्यहरू गर्ने ।

१६. **<u>तदर्थ समितिको गठन :</u>** (१) ऐनको दफा ३६ को उपदफा (३) बमोजिम समिति विघटन भएमा संस्थाको दैनिक कार्य सञ्चालन गर्न र अर्को समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारी वा दर्ता गर्ने अधिकारीवाट अधिकार प्राप्त अधिकारीले साधारण सदस्यहरु मध्येबाट सात जनाको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तदर्थ समिति गठन गर्दा देहाय बमोजिमका आधार लिनु पर्नेछः-

(क) सदस्यको नाममा संस्थाको तिर्नुपर्ने भाखा नाघेका ऋण वा अन्य बाँकी बक्यौता रहेको हुन नहुने,

(ख) एकै परिवारका एकभन्दा बढी सदस्य समितिमा रहेको हुन नहुने,

(ग) साबिकमा कायम रहेको समितिको सदस्य वा त्यस्तो परिवारको सदस्य हुन नहुने,

(घ) जम्मा सदस्य संख्याको कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्ने ।

१७. **<u>लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको योग्यताः</u>** ऐनको दफा ३७ को उपदफा (१) बमोजिमको लेखा सुपरिवेक्षण समितिको संयोजक तथा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको,

(ख) संस्थालाई तिर्नु, बुझाउनुपर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको,

(ग) संस्थाले आफै वा अन्य निकायको तर्फबाट आयोजना गरिने लेखापालन वा लेखापरीक्षणसँग सम्बन्धी तालिम लिएको ।

## परिच्छेद-५

## <u>बचत तथा ऋणको परिचालन</u>

१८. **<u>उद्देश्य विपरीत कार्य गरेको मानिनेः</u>** बचत तथा ऋणको मुख्य कारोबार गर्ने बहुउद्देश्यीय वा विषयगत संस्था बाहेकका संस्थाले ऐनको दफा ३९ को उपदफा (२) मा निर्धारित समयभित्र बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार नगरेको खण्डमा त्यस्तो संस्थाले ऐनको दफा ६६ को उपदफा (३) को खण्ड (ग) को उद्देश्य विपरीत कार्य गरेको मानिनेछ ।

१९. **<u>सदस्यको रकम फिर्ताः</u>** (१) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा ऐनको दफा ४३ को उपदफा (१) बमोजिम निजले पाउनुपर्ने देहायको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन पारित भएको बढीमा तीस दिनभित्र संस्थाले निजलाई फिर्ता दिनुपर्नेछ :-

(क) निजको शेयरको अङ्कित मूल्य बराबरको रकम,

(ख) निजले भुक्तानी लिन बाँकी शेयर लाभांश बापतको रकम र

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पुँजी फिर्ता बापतको रकम ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पुँजीबाट समानुपातिक रूपमा घटाई बाँकी रहेको हिसाबमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनुपर्नेछ ।

(३) ऐनको दफा ४३ को उपदफा (२) बमोजिम संस्थामा जम्मा गरेको बचत रकम सदस्यले मागेका बखत दायित्व कट्टा गरी बाँकी रकम निजलाई तुरुन्त फिर्ता गर्नुपर्नेछ।

## परिच्छेद-६

## कोष सम्बन्धी व्यवस्था

२०. **संरक्षित पुँजी फिर्ता कोष वितरणका आधारः** (१) ऐनको दफा ४८ को उपदफा (३) बमोजिम संरक्षित पुँजी फिर्ता कोषको वितरण गर्दा देहायबमोजिम वार्षिक कारोबारको आधार लिनुपर्नेछ :-

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई बिक्री गरेको उपजको खरिद मूल्य,

(ख) बचत तथा ऋण संस्थामा सदस्यले ऋणमा तिरेको व्याज वा बचतमा प्राप्त गरको ब्याज,

(ग) अन्य उपभोक्ता संस्थामा सदस्यले संस्थासँग खरिद गरेको वस्तु वा सेवाको मूल्य,

(घ) श्रमिक संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला,

(ङ) बहुउद्देश्यीय संस्थामा खण्ड (क), (ख) र (ग) मा उल्लिखित आधार ।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामग्री बिक्री गरेकोमा त्यस्तो कारोबारलाई समेत गणना गर्न सकिनेछ ।

(३) उपनियम (१) को खण्ड (ख) बमोजिम कोषको रकम वितरण गर्दा बचत रकमको लागि चालीस प्रतिशत र ऋणमा तिरेको ब्याज रकमको लागि साठी प्रतिशत भार दिई गणना गरिनेछ ।

(४) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको व्याजको आधारमा संरक्षित पुँजी फिर्ता दिइनेछैन ।

(५) संरक्षित पुँजी फिर्ता कोषको रकम सदस्यलाई फिर्ता गर्नुपर्नेछ ।

(६) उपनियम (५) बमोजिम कारोबार गरेको सदस्यसँग सम्पर्क हुन नसकेको अवस्थामा त्यस्तो सदस्यले प्राप्त गर्ने रकम संस्थाको जगेडा कोषमा सार्नुपर्नेछ ।

(७) गत आर्थिक वर्षको कारोबारको संरक्षित पुँजी फिर्ता कोषको रकम चालू आर्थिक वर्षभित्र वितरण गरिसक्नु पर्नेछ ।

(८) उपनियम (६) बमोजिम कुनै आर्थिक वर्षमा कुनै कारणबस वितरण हुन नसकी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नुपर्नेछ ।

२१. **अन्य कोष सम्बन्धी व्यवस्थाः** (१) सहकारी संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ४७ बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्तीमा पच्चीस प्रतिशत

रकम ऐनको दफा ४८ बमोजिम संरक्षित पुँजी फिर्ता कोष र एक प्रतिशतले हुन आउने रकम ऐनको दफा ४९ बमोजिम सहकारी प्रवर्द्धन कोषमा छुट्ट्याएर बाँकी रहेको रकमलाई शत प्रतिशत मानी देहाय बमोजिमका कोषहरूमा कम्तीमा पाँच प्रतिशत रकमको दरले छुट्याई वितरण गर्नुपर्नेछ :–

(क) सहकारी शिक्षा कोष,

(ख) शेयर लाभांश कोष,

(ग) कर्मचारी बोनस कोष,

(घ) सहकारी विकास कोष,

(ङ) घाटापूर्ति कोष,

(च) सामुदायिक विकास कोष,

(छ) साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण कोष,

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा तीन महिनाको तलब भन्दा बढी नहुने गरी रकम वितरण गर्नु पर्नेछ।

(३) सहकारी प्रवर्द्धन कोषको रकम परिचालन सङ्घीय सहकारी नियमावली २०७५ को नियम २६ बमोजिम हुनेछ ।

(४) सहकारी सस्थाले साधारण सभाबाट निर्णय गरी अन्य कोषहरुको व्यवस्थापन गर्न सक्नेछ ।

२२. <u>अभिलेख</u>ः (१) ऐनको दफा ५१ को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्य सञ्चालनको अभिलेखका साथै आफूले गरेको कारोबारको लेखामान प्रचलित कानुनले तोकेको ढाँचा अनुसार राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिलेख तथा लेखा राख्दा अन्य कुराका अतिरिक्त देहायका किताब, खाताबही तथा विवरण समेत राख्नुपर्नेछ :-

(क) सदस्यता दर्ता किताब

(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र समिति, लेखा सुपरिवेक्षण समिति, उप-समितिहरूको बैठकहरूको छुट्टाछुट्टै कारबाही किताब,

(ग) नगदी बही,

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा सङ्घ, संस्था वा निकायसँग कुनै कारोबार गरेको भए सो कारोबार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एवं समपरीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरू,

(ञ) प्रचलित कानुनले तोकी दिएको ढाँचा बमोजिमको हिसाब परीक्षा सूची, आय-व्यय र स्थिति विवरण-पत्र,

(ट) अनुदान प्राप्ति र परिचालन खाता,

(ठ) समय-समयमा प्रचलित कानुनले तोकिदिएको अन्य अभिलेख एवम् खाताहरू ।

(३) एक करोड रुपैयां भन्दा बढी कारोबार गर्ने सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नुपर्ने अभिलेख प्रचलित कानुनले तोके बमोजिम मापदण्ड पूरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (एप्लिकेशन सफ्टवेयर)मा समेत व्यवस्थित गर्नुपर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण सहकारी हेर्ने सम्बन्धित सङ्घीय मन्त्रालय तथा सहकारी बिभागले तोकेको सहकारी तथा गरिबी सम्बन्धी सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा अनिबार्य प्रविष्ट गर्नुपर्नेछ ।

तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानुन बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुर्‍याएको मानिने छैन ।

(५) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोबारको विवरण पृष्ठ-सुरक्षा (ब्याकअप) व्यवस्थासहित संरक्षण गर्नुपर्नेछ ।

## परिच्छेद-७

## छुट, सुविधा र सहुलियत

२३. छुट, सुविधा र सहुलियतः (१) ऐनको दफा ५७ को उपदफा (१) बमोजिम सहकारी संस्थाले जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट (रजिष्ट्रेशन) दस्तुर छुट, सुविधा वा सहुलियत प्राप्त गर्न सम्बन्धित संस्थाले देहायको विवरण सहित दर्ता गर्ने अधिकारी समक्ष दिनु पर्नेछ :-

(क) यसरी निवेदन दिनु अघि रजिष्ट्रेशन दस्तुर छुट सुविधा लिई अचल सम्पत्ति खरिद गरेको भए जग्गाधनी प्रमाणपुर्जा र सम्बन्धित कागजातको प्रतिलिपि,

(ख) साधारण सभाको बैठकबाट घर जग्गा धनीको नाम नामेसी, घर जग्गा रहेको ठेगाना, कित्ता नम्बर, क्षेत्रफल र मूल्य समेत खुलाई खरिद सम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) अचल सम्पत्ति खरिदमा बचत रकम उपयोग नहुने र जगेडा कोष तथा शेयर पूँजीबाट खरिद गर्न पुग्ने लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरण,

(घ) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख गरिएको भन्दा थप शेयर पुँजी र जगेडा कोषको रकमबाट खरिद गर्न खोजिएको भए पछिल्लो शेयर पुँजी, जगेडा कोष र बचत रकमको लेखापरीक्षकले प्रमाणित गरेको वित्तीय विवरण,

(ङ) सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गर्दा कैफियत देखाई सुधारका लागि निर्देशन दिएको भए निर्देशन पालनाको अवस्था खुल्ने कागजात र सुधारको कार्य योजना ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँच गरी दर्ता गर्ने अधिकारीले छुट सुविधा र सहुलियतको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

## परिच्छेद-८

## ऋण असुली तथा बाँकी बक्यौता

२४. **ऋण तथा बाँकी बक्यौता असुली**ः (१) ऐनको दफा ५८ बमोजिम संस्थाको बाँकी बक्यौता असुल उपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असुल उपर गर्दा संस्थाले देहायका कार्यविधि अपनाउनु पर्नेछ ।

(क) बाँकी बक्यौता तिर्नु बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्याद बाहेक पैंतीस दिनभित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन आउनु र उक्त रकम तिरी बुझाइ सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी पुर्जी पठाउनु पर्छ ।

(ख) खण्ड (क) बमोजिम म्याद पूर्जी जारी गरिएकोमा उक्त म्यादभित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाइसकेको प्रमाण पेश नगरेमा निजको नाउँमा लिलाम विक्री गर्ने सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ग) धितो राखेको घर जग्गा-जमिन मालपोत कार्यालयबाट रोक्का गराइएको छैन भने रोक्का गर्न लगाई त्यसको प्रमाण राख्नु पर्नेछ ।

(घ) धितो राखेको चल अचल सम्पत्तिको लिलाम बिक्रीको सूचना प्रकाशन गर्नु पर्दा धितोको विवरण, निजले बुझाउनु पर्ने साँवा, व्याज र हर्जनाको रकम समेत उल्लेख गरी सूचना प्रकाशन गरेको मितिले चल सम्पत्ति भए पन्ध्र दिनभित्र र अचल सम्पत्ति भए पैंतीस दिनभित्र लिलाम बिक्री गरी साँवा व्याज र हर्जनाको रकम असुल उपर गरिने बारेको सूचना संस्थाको कार्यालय, गाउँपालिका, सम्वन्धित वडा कार्यालय, सार्वजनिक स्थान र ऋणीलाई बुझाइ वा बुझ्न नमानेको हकमा घरद्वारमा टाँस गरी स्थानीय वा राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ । तर सम्बन्धित व्यक्तिलाई सूचना बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन बाधा पर्नेछैन ।

(ङ) धितो लिलाम विक्री गर्दा कार्यालय खुल्ने समयदेखि शुरु गरी बन्द हुने समय भन्दा एक घण्टा अगाडि समाप्त गर्नु पर्नेछ तर लिलाम बिक्री हुने भनी तोकिएको दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम विक्री गर्नु पर्नेछ ।

(च) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चल अचल सम्पत्तिको गाउँपालिका वा वडाको प्रतिनिधि, जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, लिलाम बिक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय वा गाउँपालिकाको मालपोत हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक वा निकाय वा कार्यालयको प्रतिनिधि र सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले चलनचलतीको मोल कायम गरी सोही रकम भन्दा कम नहुने गरी बढाबढ गर्ने व्यक्तिहरू मध्ये सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृति र मुचुल्का गराई बिक्री गर्नुपर्नेछ ।तर सञ्चालक समितिका

पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उप समितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउने छैनन् ।

स्पष्टीकरणः नजिकको नातेदार भन्नाले बाबु, आमा, पति, पत्नि, छोरा, छोरी, बुहारी, दाजु, भाइ, दिदी बहिनी, सासु, ससुरा, ज्वाई, साला, साली, धर्मपुत्र, धर्मपुत्रीलाई सम्झनु पर्छ ।

(छ) खण्ड (च) बमोजिमका प्रतिनिधिहरुको रोहबरमा लिलाम बिक्रीको सिलबन्दी खोलेपछि विनियमले तोकेबमोजिमको ढाँचाको फाराममा निजहरुले बोलेको अङ्क अक्षर स्पष्ट खोली निजहरुको सहीछाप गराउनु पर्नेछ ।

(ज) संस्थाले चल, अचल सम्पत्ति लिलामको डांक बढाबढ गर्दा गोप्य सिलबन्दी आव्हान गर्नु पर्नेछ ।

(२) लिखित रूपमा अनुरोध गर्दा पनि उपनियम (१) को खन्ड (च) मा लेखिएका कुनै कार्यालयको प्रतिनिधि खटी नआएमा उपस्थित प्रतिनिधि र गाउँपालिका वा वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी लिलाम बिक्री गर्नु पर्नेछ ।

(३) बाँकी बक्यौता असुल उपर गर्न जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनु पर्नेछ ।

तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।

(४) ऐनको दफा ५८ को उपदफा (६) बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैंले सकार गर्न सक्नेछ ।तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।

२५. <u>**लिलाम बिक्री स्थगित गर्न सक्ने**</u>ः लिलाम बिक्रीको सूचना प्रकाशित भ भइसकेपछि मुनासिव माफिकको कुनै कारण परी सो लिलाम बिक्री स्थगित गर्नु पर्ने देखिएमा लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने सहकारी संस्था वा दर्ता गर्ने अधिकारीले त्यस्तो लिलाम बिक्री केही समयको लागि स्थगित गर्न सक्नेछ ।

२६. <u>**असुल उपर हुन नसकेको रकम अरू जायजेथाबाट असुल उपर गर्ने**</u>ः (१) धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट साँवा, व्याज र हर्जनाको रकम असुल उपर हुन नसकेमा बाकी बक्यौता असुल उपर गर्नु पर्ने व्यक्तिको हक भोगको नेपालको जुनसुकै ठाउँमा रहेको सम्पत्तिबाट एक वर्षभित्र प्रचलित नियम बमोजिमको कार्यविधि अपनाई लिलाम बिक्री गरी असुल उपर गर्नु पर्नेछ ।

(२) मोहीले लिएको ऋणको हकमा निजले वा एकाघरको परिवारले कमाएको वाली लिलाम बिक्री गरी साँवा, व्याज र हर्जनाको रकम असुल उपर गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको साँवा, व्याज र हर्जनाको रकम असुल उपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

२७. <u>बेचबिखन वा लिलाम बिक्री गर्न वा लिजमा दिन नहुने :</u> यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघीय सहकारी ऐन २०७४ को दफा १३५ मा उल्लिखित संस्थाको घर, जग्गा लगायतका स्थिर सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन वा लिलाम बिक्री गर्न वा धितो राख्न वा पाँच वर्षभन्दा बढी अवधिका लागि लिजमा दिनु हुँदैन ।तर त्यस्ता संस्थाले ऋण वा अन्य बाँकी बक्यौता बापत धितो लिएको वा संस्था आफैंले धितो सकार गरेको घर, जग्गा यस नियमावली बमोजिम लिलाम बिक्री गर्न नेपाल सरकारको स्वीकृति आवश्यक पर्नेछैन ।

२८. <u>लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने</u>: (१) लिलाम बिक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मूल्यको दस प्रतिशत रकम उसै दिन धरौटीको रूपमा लिई राख्नुपर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले पन्ध्र दिनभित्र बुझाइ सक्नु पर्नेछ । सो म्यादभित्र नबुझाएमा धरौटी वापत राखेको रकम जफत हुने व्यहोराको कागज गराइ राख्नु पर्नेछ ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको दस प्रतिशत रकम उसै दिन नबुझाएमा निजपछि सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पूरा मूल्य बुझाएमा निजको नाउँमा वा नियम २४ को उपनियम (४) बमोजिम संस्थाले सकारेमा संस्थाको नाममा सो जायजेथा प्रचलित कानुन बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज समेत गरिदिनको लागि सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

२९. <u>लिलाम बिक्री नभएमा जायजेथा सहकारी संस्थाको स्वामित्वमा रहने</u> : नियम २४ र नियम २६ बमोजिम लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित कार्यालयले सहकारी संस्थाको जनाउ बमोजिम आफ्नो कार्यालयमा रहेको स्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिला खारेज गरिदिनु पर्नेछ।

३०. <u>जायजेथा फिर्ता दिनुपर्ने</u> : नियम २४ को उपनियम (४) बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनुपर्ने साँवा र अघिल्लो दिनसम्मको व्याज, हर्जना र लिलाम प्रक्रियासँग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिन चाहेमा फिर्ता दिनुपर्नेछ ।

## परिच्छेद-९

## <u>एकीकरण, विघटन, दर्ता खारेज र समस्याग्रस्त संस्था ब्यवस्थापन</u>

३१. <u>सहकारी संस्थाको एकीकरण</u>: (१) ऐनको दफा ६५ बमोजिम दुई वा दुई भन्दा बढी संस्थाहरु एकीकरण गर्दा देहायका सर्तहरु पूरा भएको हुनुपर्नेछ ।

(क) कार्यक्षेत्र एक अर्कासँग जोडिएको हुनुपर्ने,

(ख) सदस्यहरु बीचको साझा बन्धन समान हुनुपर्ने,

(ग) एकै बिषय प्रकृतिका संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिका भए तापनि एकै स्थानमा रही दोहोरो सदस्यता रहेका र मूलतः एकै बिषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने ।

(घ) सदस्यको प्रत्यक्ष सहभागिता एबम् लोकतान्त्रिक नियन्त्रण कायम रहनु पर्ने ।

(२) उपनियम (१) बमोजिम एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा वडा तथा गाउँपालिका क्षेत्रभित्र पर्ने गरी गरिनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाको पूर्वस्वीकृति विना मिति २०४९।२।२ अघि दर्ता भएका साझा सहकारी संस्थाहरूलाई अर्को संस्थामा एकीकरण गर्न वा त्यस्ता संस्थाहरूको घरजग्गा लगायतका स्थिर सम्पत्ति बेचबिखन गर्न वा धितो राख्न वा पाँच वर्षभन्दा बढी अवधिका लागि लिजमा दिनु हुँदैन ।

तर कुनै सहकारी संस्थाले साझा सहकारी संस्थाको विनियम तथा नाम स्वीकार गरी एकीकरण हुन सक्नेछ ।

(४) महिलाद्वारा सञ्चालित सहकारी संस्थाहरु र विशेष रूपमा पिछडिएका समुदायमा स्थापित सहकारी संस्था अन्य सहकारी संस्थासँग सामान्यतया एकीकरण गरिने छैन ।

तर क्षमता बिकास, नेतृत्व बिकास तथा साङ्गठनिक गतिशीलताको सुनिश्चितता हुने गरी एकीकरण हुन भने बाधा पर्ने छैन ।

(५) एकीकरणमा सहभागी संस्थालाई दर्ता अधिकारीबाट नियम ४३ बमोजिम प्रोत्साहन गर्न सकिनेछ।

(६) एकीकरण पूर्वको दुवै संस्थामा दायित्व ब्यवस्थापन र कर बक्यौता भुक्तानी सम्बन्धमा स्पष्ट गर्नुपर्नेछ ।

(८) एकीकरणका अन्य सर्त, आधार र प्रक्रिया गाउँपालिकाबाट स्वीकृत कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

३२. **सहकारी संस्थाको विभाजन**ः (१) ऐनको दफा ६५ बमोजिम संस्थाको विभाजन गर्दा संघीय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

३३. **पूर्व सहमति लिनुपर्ने**ः नियम ३१ र ३२ मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकार, वा स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको निकाय, बैंङक वित्तिय संस्था वा दातृ निकायको ऋण, अनुदान वा अन्य प्रकारका उल्लेखनीय सहयोग रकम वा जेथा रहेका संस्थाको एकीकरण वा विभाजन गर्दा सम्बन्धित पक्षको पूर्व सहमति लिनुपर्नेछ ।

३४. **जमानत दिने व्यक्तिको दायित्व** : (१) ऋणीको निमित्त जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हदसम्म मात्र सीमित रहनेछ ।

(२) प्रचलित कानुनको अधीनमा रही उपनियम (१) बमोजिम दायित्व जमानत दिने व्यक्तिबाट सोझै असुलउपर गर्न सकिनेछ ।

३५. **<u>समस्याग्रस्त संस्था व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा ७८ को उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीको सिफारिसमा गाउँकार्यपालिकाले देहाय बमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्नेछ ।

(क) दर्ता गर्ने अधिकारी –अध्यक्ष
(ख) जिल्ला सहकारी संघले तोकेको सदस्य –सदस्य
(ग) गाउँ कार्यपालिकाबाट मनोनीत सहकारी विज्ञ –सदस्य
(घ) गाउँ कार्यपालिकाबाट मनोनीत लेखापरीक्षक –सदस्य
(ङ) कार्यालयको सहकारी हेर्ने शाखा प्रमुख –सदस्य सचिब

(२) व्यवस्थापन समितिका अध्यक्ष र सदस्य -सचिव बाहेक खण्ड ख, ग र घ बमोजिम नियुक्त सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र गाउँकार्यपालिकाले आवश्यकता अनुसार निजहरुको पदावधि दुई वर्ष थप गर्न सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिको सदस्यको कार्य सम्पादन सन्तोषजनक नरहेमा गाउँकार्यपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ र त्यसरी रिक्त पदमा थप अवधिको लागि सदस्यको रिक्त पद पूर्ति गर्नेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

३६. **<u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** नियम ३५ बमोजिम गठन भएको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) समस्याग्रस्त संस्थाको साधारण सभा, समिति तथा लेखा सुपरीवेक्षण समितिले ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने ,

(ख) समस्याग्रस्त संस्थाका समितिको सदस्य, निजका परिवार, नातेदार, संस्थाका कर्मचारी, सम्बद्ध तथ्यको जानकारी भएका वा मिलोमतोबाट कारोवार गरिरहेका अन्य व्यक्ति वा संस्था लगायत व्यवस्थापन समितिले आवश्यक ठानेका व्यक्तिलाई व्यवस्थापन समितिमा उपस्थित गराउने, सोधपुछ गर्ने, बयान लिने, आवश्यक कागजात पेश गर्न लगाउने,

(ग) समस्याग्रस्त संस्थाको सम्पत्ति तथा दायित्वको एकिन विवरण र तथ्याङ्क सङ्कलन गरी अध्ययन, विश्लेषण, लेखाजोखा र मूल्याङ्कन गर्ने,

(घ) समस्याग्रस्त संस्थाको सम्पत्ति जिम्मा लिने,

(ङ) समस्याग्रस्त संस्थाको काम कारवाही सम्बन्धी निर्णय तथा अभिलेख लगायतको सम्पूर्ण व्यवस्थापन आफ्नो नियन्त्रणमा लिने,

(च) समस्याग्रस्त संस्थाले असूल गर्नु पर्ने ऋण, बाँकी बक्यौता तथा अन्य रकम ऐन, यो नियम वा विनियम बमोजिमको प्रक्रिया अवलम्बन गरी असुल गर्ने,

(छ) समस्याग्रस्त संस्थाको धितोमा रहेको सम्पत्ति आवश्यकता अनुसार ऐन, यो नियम वा विनियम बमोजिम लिलाम बिक्री गर्ने,

(ज) समस्याग्रस्त संस्थाको सम्पत्ति बिक्री गर्ने , उपयोग गर्ने तथा व्यवस्थापन गर्ने,

(झ) समस्याग्रस्त संस्थाका सदस्य तथा बचतकर्ताको बचत तथा शेयर रकम सम्बन्धी अभिलेख तयार गर्ने,

(ञ) सदस्य तथा बचतकर्ताको बचत फिर्ता वा भुक्तानी दिने,

(ट) समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्नको लागि ऐन, यो नियम बमोजिम लिक्वीडेटरलाई भएको सबै अधिकार प्रयोग गर्ने ,

(ठ) समस्याग्रस्त संस्थाको सञ्चालक, कर्मचारी वा निजका परिवारको सदस्यले बचतकर्ताको बचत पूरै वा आंशिक रुपमा कुनै कम्पनी, संस्था वा आर्थिक कारोबार वा व्यवसायमा प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएको रकम वा सोबाट बढे बढाएको सम्पत्ति कब्जामा लिने र सो सम्पत्तिमध्येबाट बचतकर्ताको बचत भरी भराउ गर्न लिलाम बिक्रि वा असूल उपर सम्बन्धी आवश्यक कारबाही गर्ने,

(ड) समस्याग्रस्त संस्थाको तर्फबाट कानुनी प्रतिरक्षा गर्ने,

(ढ) समस्याग्रस्त संस्थाको सञ्चालक र कर्मचारी वा निजहरुका परिवारका सदस्य वा अन्य ब्यक्तिको नाममा राखेकोमा संस्थाको चल अचल सम्पत्ति वा संस्थाको सम्पत्तिबाट खरिद गरेको अचल सम्पत्ति कब्जामा लिई त्यस्तो सम्पत्ति लिलाम बिक्री समेत गरी बचतकर्तालाई फिर्ता दिलाउने काम गर्ने ।

## परिच्छेद-१०

## <u>लिक्विडेशन सम्बन्धी व्यवस्था</u>

३७. <u>लिक्वीडेटर नियुक्तिः</u> (१) ऐनको दफा ६७ को उपदफा (१) बमोजिम सहकारी संस्थाको सम्पत्ति लिक्वीडेसन (लेखाजोखा) गर्दा लिक्वीडेटर नियुक्ति गर्नु पर्नेछ ।

(२) उपनियम (१) अनुसार लिक्वीडेटर नियुक्ति गर्दा दर्ता गर्ने अधिकारीले आफू मातहतका अधिकृत वा कर्मचारीलाई लिक्वीडेटरको रुपमा काम गर्न तोक्न सक्नेछ ।

३८. <u>लिक्वीडेटरको काम कर्तव्य र अधिकारः</u> (१) ऐनको दफा ६७ अन्तर्गत नियुक्त लिक्वीडेटरको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विघटन भएका संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नको लागि सो संस्था वा हालवाला वा साविकवाला सदस्यहरू वा मृत सदस्यहरूको जायजेथाबाट बाँकी रकम नियम २० र २२ को कार्यविधि अपनाई असुल उपर गर्ने ।

(ख) विघटन भएका संस्थासँग कुनै साहुको कुनै रकम बाँकी रहेको र सो कुरा संस्थाको हिसाब किताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्याद भित्र सो रकमको दावा गर्न आउनू भनी वा सो बाँकी रहेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दाबा गर्न आउनू भनी सूचना गर्ने ।

(ग) साहुहरू मध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने ।

(घ) संस्था विघटन गर्ने सिलसिलामा, संस्थाको जाय जेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(ङ) दर्ता अधिकारीको पूर्व स्वीकृति लिई संस्थाले गरेको वा संस्थाको विरुद्धमा गरिएको दावीको सम्बन्धमा दुवै पक्ष बीचमा मिलापत्र गराउने ।

(च) विघटनको लागि आवश्यक देखेमा सदस्यहरूको बैठक बोलाउने ।

(छ) संस्थाको खाताबही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने ।

(ज) संस्थाको सम्पत्ति वेचविखन गर्ने ।

(झ) सरोकारवालाहरु समेतको परामर्शमा संस्थाको जायजेथा वितरण योजना तयार गरी वितरण गर्ने ।

(२) उपनियम (१) बमोजिमको अधिकारहरूको प्रयोग गर्दा लिक्वीडेटरले आवश्यक सम्झेमा संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराहरूको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरू र संस्थाको कुनै पदाधिकारी वा कर्मचारीलाई आफू समक्ष उपस्थित गराइ सोधपुछ गर्न सक्नेछ ।

३९. <u>लिक्वीडेशन नियन्त्रण गर्ने दर्ता अधिकारीको अधिकार</u>ः नियम ३८ बमोजिमको अधिकार प्रयोग गरी लिक्वीडेटरले गरेको कामलाई दर्ता अधिकारीले दोहर्‍याई हेरी देहाय बमोजिम गर्न सक्नेछ :

(क) निर्देशन विपरीत लिक्वीडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकतानुसार अर्को आदेश जारी गर्न,

(ख) संस्थाको खातावही, कागजात, लिखत र जायजेथाहरू पेस गराउन,

(ग) लिक्वीडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद बन्देज तोकिदिन,

(घ) लिक्वीडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिन,

(ङ) नियम ३८ को खण्ड (ङ) बमोजिम मिलापत्र गराउने र सो नियमको खण्ड (झ) बमोजिम जायजेथा वितरण गर्ने सम्बन्धमा सामान्य सिद्धान्त निर्धारण गरिदिन,

(च) लिक्वीडेटरले पाउने पारिश्रमिक एवम् भत्ताको निमित्त आवश्यक निर्देशन दिन, र

(छ) लिक्वीडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न।

४०. <u>दायित्व भुक्तानी</u>ः (१) ऐनको दफा ६६ अन्तर्गत दर्ता खारेज वा विघटन भएको सहकारी संस्थाको कोषबाट देहाय बमोजिमको प्राथमिकताक्रमअनुसार देहायमा लेखिएका कामको लागि खर्च गर्न सकिनेछ :–

(क) विघटनको कामका निमित्त भएका खर्चहरू फछ्र्यौट गर्न,

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलब भत्ता दिन,

(घ) ऋण भुक्तानी गर्न,

(ङ) अन्य भुक्तानी दिनु पर्ने रकमहरू दिन,

(च) शेयर पुँजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको अवधिको लाभांश वितरण गर्न ।

(२) कुनै सहकारी संस्थाको विघटनको काम समाप्त भैसकेपछि पनि सो संस्थाको कुनै साहूले पाउनु पर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको

मितिले तीन महिनाभित्र उक्त संस्थाको कोष उपर त्यस्तो साहुले आफूले पाउनु पर्ने रकमको दाबी गरिसक्नु पर्नेछ । सो म्याद नाघेपछि परेका दावी उपर कुनै कारवाही हुने छैन ।

४१. **<u>लिक्वीडेशन पछिको सम्पत्तिको उपयोग</u>** : (१) ऐनको दफा ६८ बमोजिम सहकारी संस्थाको लिक्वीडेशन पश्चात नियम ४० बमोजिम सबै दायित्व भुक्तान गरी बाँकी रहेको सम्पत्ति दर्ता गर्ने अधिकारीको निर्देशन बमोजिम विघटित सहकारी संस्थाको कार्यक्षेत्रमा सेवा पुर्‍याउन सक्ने नजिकको सोही प्रकृतिको अन्य कुनै सहकारी संस्थालाई हस्तान्तरण गर्न सकिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले गाउँकार्यपालिकाको सिफारिसमा नियम ४० को उपनियम (१) अनुसार खर्च गरिसकेपछि बाँकी रहन आएको सहकारी संस्थाको कोषको रकम यसै गाउँपालिका कार्यक्षेत्र कायम गरी दर्ता भएका गैर नाफामुखी संघ/संस्थालाई हस्तान्तरण गर्न वा शिक्षा, स्वास्थ्य वा महिला बालबालिका, अपाङ्ग, आदिवासी, जनजाति तथा जेष्ठ नागरिकलाई प्रत्यक्ष फाइदा पुग्ने गरी स्थानीय सामुदायिक विकासको प्रयोजनका लागि हस्तान्तरण गर्न सक्नेछ ।

## परिच्छेद-११

## <u>निरीक्षण तथा अनुगमन</u>

४२. **<u>निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था</u>**: (१) सन्दकपुर गाउँपालिका अन्तरगतका सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन गर्ने कर्तब्य दर्ता गर्ने अधिकारी वा तोकिएको अधिकृतस्तरको कर्मचारीको हुनेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा सहकारी ऐन, नियमावली, विनियम तथा प्रचलित कानुन बमोजिम सञ्चालन तथा ब्यबस्थापन भए/गरेको नपाइएमा प्रचलित कानुन बमोजिम त्यस्ता सहकारी संस्था, सञ्चालक, ब्यबस्थापक, जिम्मेबार सदस्य तथा कर्मचारीहरुलाई कारबाही गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कारबाही गर्दा सदस्य तथा कर्मचारीबाट संस्थामा आर्थिक हिनामिना भएको देखिएमा सोको जिम्मेवार सदस्य तथा कर्मचारीका साथै सञ्चालक समितिका पदाधिकारी समेत हुने र हिनामिना रकम निजहरुबाट प्रचलित कानुन बमोजिम असुल उपर तथा दण्ड जरिवाना गरिनेछ ।

(४) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले एक करोड रुपैंया वा सोभन्दा बढी रकमको कारोबार भएको संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र र अन्य संस्थाले दुई वर्षभित्र मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध भइसक्नुपर्नेछ ।

(५) उपनियम (१) बमोजिमका संस्थाहरूले सुरक्षण, वित्तीय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानीका क्षेत्र लगायतमा मन्त्रालयले तोकेको मापदण्डहरू पालना गर्नुपर्नेछ ।

(६) उपनियम (२) बमोजिम तोकिएका मापदण्डहरूको पालनाको अवस्था उपनियम (१) बमोजिमको सूचना प्रणालीका आधारमा दर्ता गर्ने अधिकारीले नियमित अनुगमन गरी पालना नभएको पाइएमा तत्काल निर्देशन दिनेछ ।

(७) दर्ता गर्ने अधिकारी वा निजले खटाएको आफ्नो मातहतका कुनै कर्मचारीले पचास लाख रुपैंया सम्म कारोबार भएका संस्थाहरूको नियमित अनुगमन र पचास लाख रुपैंयाभन्दा बढी कारोबार भएका संस्थाहरूको सघन अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।तर यसमा लेखिएको कुनै कुराले अन्य संस्थाहरूको नियमित वा सघन अनुगमन गर्न बाधा पुर्‍याएको मानिने छैन ।

(८) यस नियमबमोजिम हुने निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था मन्त्रालय र गाउँपालिकाबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

(९) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सन्दकपुर गाउँपालिकाको क्षेत्राधिकार भित्र प्रधान कार्यालय रही अन्य स्थानीय तहसम्म कार्यक्षेत्र भएका र अन्य स्थानीय तहमा प्रधान कार्यालय रही सन्दकपुर गाउँपालिकाको क्षेत्राधिकारभित्र सेवा केन्द्र (शाखा कार्यालय) खोली सञ्चालित सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन गर्न बाधा पर्ने छैन ।

४३. **<u>दर्ता गर्ने अधिकारीको काम कर्तव्य र अधिकार</u>**: दर्ता गर्ने अधिकारीको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सहकारी संस्था दर्ता गर्नको लागि परेको दरखास्त उपर आवश्यक जाँचबुझ गरी सहकारी संस्था दर्ता गर्ने र दर्ताको प्रमाणपत्र दिने,

(ख) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाले आफ्नो कार्य सञ्चालन गर्न बनाएको विनियम स्वीकृत गर्ने,

(ग) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाको एकीकरण, विभाजन तथा कार्यक्षेत्र पुनः निर्धारणसम्बन्धी कार्य गर्ने,

(घ) नियमित रूपमा सहकारी संस्थाको निरीक्षण तथा हिसाबकिताब जाँच गर्नुका साथै स्थापित सूचना प्रतिवेदन प्रणालीका आधारमा सहकारी संस्थाहरूको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाको लेखापरीक्षणको नियमित अनुगमन गरी निर्धारित अवधिभित्र लेखापरीक्षण नगराउने सहकारी संस्थाहरुको लेखापरीक्षण गराउन निर्देशन दिने,

(च) विपन्न ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति, भुमीहिन कृषक, बेरोजगार श्रमिक र दलित तथा अल्पसङ्ख्यक जनजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सिपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने,

(छ) सहकारी व्यवसाय, अन्तर सहकारी कारोबार तथा कृषि उपजको मूल्य शृङ्खला विकासका आयोजनाहरूलाई सहयोग पुर्‍याउने,

(ज) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरूको समन्वय गर्ने,

(झ) सहकारी संस्थाहरूको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरूको प्रचलन तथा सहकारी संस्थाहरूमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,

(ञ) ऐन, यस नियमावली, अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थाहरूलाई ऐनमा भएको व्यवस्था बमोजिम जरिबाना तथा अन्य कारबाही गर्ने,

(ट) ऐन तथा यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरू आवश्यकता अनुसार आफू मातहतका अधिकृतलाई प्रत्यायोजन गर्ने,

(ठ) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाहरुको वार्षिक निरीक्षण प्रतिवेदन कार्यपालिकामा पेश गर्ने,

(ड) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले सदस्यहरुको बचत निर्धारित सर्त बमोजिम फिर्ता गर्न सक्ने अवस्था नरहेको वा संस्था लगातार दुई वर्षसम्म घाटामा गएको लेखा परीक्षण प्रतिवेदनमा देखिएमा वा संस्थामा गम्भिर आर्थिक कठिनाई परी दामासाहीमा पर्न सक्ने अवस्था रहेको भन्ने निरीक्षण प्रतिवेदनमा उल्लेख भएमा दर्ता अधिकारीले त्यस्तो संस्थालाई बचत सङ्कलनमा रोक लगाउन सक्नेछ ।

(ढ) प्रचलित कानून बमोजिम सहकारी संस्थाले प्राप्त गर्न सक्ने छुट, सुविधा र सहुलियतका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

(ण) यस ऐन, नियमावली र अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा गाउँकार्यपालिकाबाट प्राप्त निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद-१२

## विविध

४४. **संस्थाले नीति, कार्यविधि र नियमावली बनाउनुपर्ने** : (१) सहकारी संस्थाले आर्थिक कार्यविधि, नियमावली, शेयर परिचालन नीति, बचत तथा ऋण परिचालन नीति र लगानी व्यवस्थापन नीति बनाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमका संस्थाले उपनियम (१) मा उल्लिखित नीति नियमावलीका अतिरिक्त अन्य नीति कार्यविधि, नियमावली समेत बनाउन सक्नेछ ।

४५. **प्रतिनिधी पठाउन सकिने** :- संघको साधारण सभामा मताधिकार प्रयोग गर्ने गरिका प्रतिनिधि पठाउँदा संघको विनियममा व्यवस्था भएबमोजिम संस्थाका सदस्य संख्याको अनुपातको आधारमा बढीमा पाँच जनासम्म पठाउन सकिनेछ

४६. **अन्तरसहकारी कारोबार** :- (१) ऐनको दफा ९४ बमोजिम अन्तरसहकारी कारोबार गर्दा संलग्न संस्थाहरुको विनियममा निर्धारित सदस्यहरुको आवश्यकताको आधार लिएको हुनु पर्नेछ ।

(२)अन्तरसहकारी कारोबारमा संलग्न विभिन्न संस्थाहरुले आफ्ना सदस्यहरुबाट उत्पादित उपज अग्रणी संस्था (लिड को-अपरेटिभ) को अवधारणाबाट कुनै एक

संस्थामार्फत सङ्कलन, प्रशोधन एवं बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्नेछन् ।

(३)सहकारी संस्थाले विनियममा व्यवस्था गरी विद्युतीय प्रणाली मार्फत आफ्ना सदस्यले नेपाल भरको कुनै सहकारी संस्थाबाट आफ्नो खातामा रकम जम्मा गर्न र झिक्न सक्ने गरी अन्तर सहकारी कारोबार गर्न सक्नेछ ।

(४)बचत तथा ऋणसम्बन्धी अन्तरसहकारी कारोबारको हकमा सम्बद्ध सहकारी संस्थाहरुले मन्त्रालयले सम्बन्धित विषयगत संघ वा सहकारी बैंकको भूमिकासमेत निर्दिष्ट गरी तोकेको मापदण्ड पालना गर्नु पर्नेछ ।

(६)अन्तरसहकारी कारोबार सम्बन्धी व्यवस्था मन्त्रालयले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ ।

४७. <u>जानकारी गराएर मात्र सेवा सञ्चालन गर्नु पर्ने:</u> अन्य स्थानिय तहमा प्रधान कार्यालय रही गाउँपालिकाको क्षेत्राधिकार भित्र सेवा केन्द्र (शाखा कार्यालय) खोल्नु अघि कार्यालयमा निवेदन दिई अभिलेख कायम गरेर मात्र सेवा सञ्चालन गर्नु पर्नेछ ।

४८. <u>अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने</u> : गाउँ कार्यपालिकाले आवश्यक देखेमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी, नियमावली र अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

४९. <u>खारेजी र बचाउः</u> सहकारी नियमावली, २०४९ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

**५०.** <u>सहकारी पूर्व शिक्षाः</u> सहकारी पूर्च शिक्षा गाउँपालिकाका सहकारी रजिस्टारले तोकिएको TOT तालिम प्राप्त कर्मचारी बाट प्रदान गरिने र सहकारीको अनुगमन समेत सोही कर्मचारीले गर्न सक्ने छ।

**५१.** <u>हर्जना/जरिवाना सम्वन्धमाः</u> जरिवाना सहकारीको नियम अनुसार अडिट रिपोर्ट आ.व. समाप्त भएको तीन महिना भित्र पेश गर्नु पर्नेछ। यदि समयमा पेश नगरेमा रु. १५००( अक्षेरिपि पन्ध्रसय रुपीयाँ मात्र) जरिवाना लाग्ने छ साथै सासधारण सभाको प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको छ महिना भित्रमा बुझाईसकनु पर्नेछ। यदि नबुझाएमा माथिकै हर्जना थप लाग्ने छ र दुबै रिपोर्टमा हरेक ढिलो भएको माहिनाको ५% विलम्व शुल्क सहकारीको जिम्मेवार व्यक्तिबाट असुल उपर गरिनेंछ।

**५२.** <u>सम्मान तथा पुरस्कृतः</u> उत्कृष्ट सहकारीलाई प्राथमिकता छानी पुरस्कृत गर्न सकिनेछ।

**५३.** <u>एकिकरण र अनुदानः</u> सहकारी एकिकरण अनुदानका लागी १५० सदस्यी भन्दा माथी रहेका सहकारीलाई अनुदानमा प्राथमिक्ता दिईने छ।

## अनुसूची– १
## (नियम ५ को उपनियम (२) संग सम्बन्धित)
## सम्भाव्यता अध्ययन प्रतिवेदन ढाँचा

१. परिचय

२. संस्था गठन गर्नुपर्नाको कारण

३. सदस्यताको जनसाङ्ख्यिक आधार

४. सहभागिताको औचित्य

५. व्यवसायिक सम्भाव्यता

५.१ सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमान

५.२ सदस्यहरूको संरक्षण (Patronage) सुनिश्चित गर्ने आधारहरू

५.३ कारोबारबाट हुने बचत (Surplus) को प्रक्षेपण

६. पुँजी आवश्यकता र स्रोत

   ६.१ आवश्यकताको अनुमान

   ६.२ स्रोत

   ६.३ पुँजी परिचालनका तर्कसम्मत आधारहरू

६. बजार विश्लेषण

७.१ नजिकको बजार

७.२ टाढाको बजार

७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा टिक्ने आधारहरू

८. कार्य क्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको सङ्ख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य

९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारण

१०.महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरू

११.जनशक्ति व्यवस्था

१२.संस्थाको विकास र स्थायित्वका आधारहरू ।

## अनुसूची– २
### (नियम ५ को उपनियम (२) संग सम्बन्धित)
### आबेदकहरुको बिवरण ढाँचा

| सि.न. | बाजेको नाम थर | बाबु/आमाको नाम थर | पति वा पत्नीको नाम थर | आबेदकको नाम | उमेर | ठेगाना | पेशा | सदस्यले लिन स्वीकार गरेको सेवाको बिवरण | | | सम्पर्क मोवाइल नं. | औंठा छाप | फोटो र फोटोमा पर्ने गरी सहिछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रति शेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम | | | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |

## अनुसूची– ३
### (नियम ५ को उपनियम (३) को खण्ड (ख) सँग सम्बन्धित)
### व्यावसायिक कार्ययोजनाको रुपरेखा

सङ्घ, संस्थाको नामः-

ठेगाना :-

क.उद्देश्य :-

१...................................................................

२...................................................................

३...................................................................

ख. कार्यहरु

१..............................................................

२...................................................................

३..............................................................

४.............................................................
५.............................................................
६.............................................................

ग. आगामी तीन वर्ष पछिको अवस्था प्रक्षेपण

ग-१. सदस्यता बिस्तार लक्ष

| बिबरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो बर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य संख्या | | | | |
| -महिला | | | | |
| -पुरुष | | | | |
| -जम्मा | | | | |
| जम्मा सदस्यमा दलित समुदायको प्रतिशत | | | | |

ग-२. व्यावसायिक सेवा बिस्तार लक्ष

| बिबरण | पहिलोवर्ष | दोस्रोवर्ष | तेस्रो बर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्यको उत्पादन खरिद | | | | |
| -परिमाण (........) | | | | |
| -रकम रु. | | | | |
| -लाभान्वित हुने सदस्य जना | | | | |
| सदस्यलाई बस्तु वा सेवा बिक्री | | | | |
| -परिमाण (....) | | | | |
| -रकम रु. | | | | |
| -लाभान्वित हुने सदस्य जना | | | | |
| सदस्यलाई रोजगारीको अवसर श्रृजना | | | | |

| | | | | |
|---|---|---|---|---|
| -प्रत्यक्ष पूर्णकालिन जना<br><br>-अप्रत्यक्ष पूर्णकालिन (वर्षमा २,०८० घण्टाको १ जनाको हिसावमा जम्मा जना | | | | |
| सदस्यलाई ऋण सेवा(वार्षिक)<br><br>-रकम रु.<br><br>-जना | | | | |
| सदस्यलाई बचत सेवा मौज्दात<br><br>-रकम रु.<br><br>-जना | | | | |

ग-३. सहकारी गतिबिधि बिस्तार लक्ष

| बिबरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो बर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य शिक्षा वार्षिक जना | | | | |
| गाँउ/टोल/उपक्षेत्रीय सदस्य बैठकहरु आयोजना (वार्षिक पटक) | | | | |
| सामुदायिक बिकासका योजनाहरु संचालन | | | | |
| घ. पुंजीको स्रोत र उपयोग बिवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो बर्ष | कैफियत |
| आबश्यकता | | | | |
| -स्थिरपुँजीतर्फ (घर,जग्गा,कारखाना,उपकरण,फर्निचरआदि) | | | | |
| -चालु पुँजीतर्फ (मौज्दात मालसामान,उधारो | | | | |

| | | | | |
|---|---|---|---|---|
| बिक्री,नगद मौज्दात आदि) | | | | |
| -ऋण लगानीतर्फ | | | | |
| -जम्मा | | | | |
| स्रोत | | | | |
| -शेयर पुँजी | | | | |
| -जगेडा कोष | | | | |
| -अन्य (..........) | | | | |
| -सदस्यको बचत (सदस्यलाई ऋण दिन मात्र) | | | | |
| -जम्मा | | | | |

ङ. कार्यान्वयन जिम्मेवारी बाँडफाँड

ङ-१. सञ्चालक समितिको जिम्मेवारी

ङ-२. गाँउ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारी

ङ-३. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी

ङ-४. व्यवस्थापन कर्मचारीहरुको जिम्मेवारी

ङ-५. प्रत्येक सदस्यको जिम्मेवारी

च. कार्ययोजनाबाट सदस्यहरुको जीवनमा पर्ने प्रभावका सूचकहरु

छ. कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधि

**अनुसूची– ४**

**शेयर र प्रवेश शुल्क बुझेको भर्पाईको नमूना**

**(नियम ५ को उपनियम (३) को खण्ड (ग) सँग सम्बन्धित)**

भर्पाई दादै प्रस्तावित .......... सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका ...... श्री ....... आगे उक्त सहकारी संस्था लि. का सदस्यहरुको ........ प्रारम्भिक भेलाको मिति............को निर्णयबमोजिम प्रति शेयर रु........।– का दरले .......जनाबाट जम्मा ........ कित्ताको हुन आउने जम्मा रकम रु..............।– (अक्षेरपि........मात्र) र प्रवेश शुल्क प्रतिव्यक्ति रु..........।– का दरले हुन आउने रु.........।– (अक्षेरपी.........मात्र) गरी जम्मा रु.........।– (अक्षेरपी..........मात्र) सहकारि संस्था दर्ता भएपछि संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने कवोल गरी उक्त रकम मैले

बुझिलिई यो भरपाईमा सहिछाप गरी ............कार्यालयमा पेश गरेको छु । प्राप्त रकम हाल मेरो ........मा रहेको ..........हिसाव नं........ मा जम्मा गरी बैंक भौचर दाखिला गरेको छु ।उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राखेछु र संस्थाको बैंक खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा कानुन बमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ ।

ईति सम्वत् ...... साल.......महिना ......गते रोज...........शुभम् ।

## अनुसूची– ५

### तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण फाराम

### (नियम ५ को उपनियम (३) को खण्ड (घ) सँग सम्बन्धित)

| सि. न. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | सञ्चालकको नाम, थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने मिति | औंठाछाप | फोटो र फोटोमा पर्ने गरी सहिछाप | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |

## अनुसूची– ६

### (नियम ५ को उपनियम (३) को खण्ड (ङ) सँग सम्बन्धित)

### स्व घोषणा-पत्रको नमूना

प्रस्तावित श्री ........................सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपशिल बमोजिमका आवेदकहरुले प्रचलित कानुनसम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक-सामाजिक उत्थान गर्ने कार्यकारणबाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौं :

हामी आवेदकहरु कोही पनि –

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौ;

- बैंक, बित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/सङ्घ/राष्ट्रिय सहकारी बैंकको कानुन बमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौ;
- यस अघि सहकारी संस्था खोली सदस्यहरुको रकम हिनामिना गरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौ;
- सम्पत्ति सुद्धीकरण सम्बन्धी कसूरमा सजाय पाएका व्यक्ति हैनौ र
- सहकारी दर्शन,सिद्धान्त,मूल्य मान्यता र कानुन बमोजिम स्वावलम्वन र पारस्पारिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपयुक्त व्यहोरा ठीक साँचो हो । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने-

| सि. नं. | सदस्यको नाम, थर | नागरिकता नं. र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नं. | सहिछाप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

## अनुसूची – ७
## (नियम ५ को उपनियम (३) को खण्ड (च) सँग सम्बन्धित)
## अधिकार प्रत्यायोजनको नमुना

मिति..../...../.....
श्री दर्ता गर्ने अधिकारी ज्यू,
सन्दकपुर गाउँ कार्यपालिकाको कार्यालय,
माबुमोड,देउराली,इलाम ।

बिषयः- अधिकार प्रत्यायोजन ।

महोदय,

यस प्रस्तावित ............... सहकारी संस्था लिं को मिति .../..../....मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानुनबमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आबश्यक काम कारबाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका ..................... श्री .............................. श्री.................................. र ........................... श्री ............................

समेतलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गर्दछौं । निजहरुले हाम्रो प्रतिनिधिको रुपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको

| नाम | ठेगाना | पद | दस्तखत नमूना |
|---|---|---|---|
| १ श्री...................... | | | |
| २ श्री.......................... | | | |
| ३ श्री........................... | | | |

| सि.नं. | सदस्यहरुको नाम, थर | ठेगाना | सहिछाप |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

द्रस्टव्यः अधिकार प्रत्यायोजन-पत्रमा आवेदक सवैको विवरण समावेश गर्नुपर्नेछ ।

## अनुसूची-८

## नियम ८ (१) संग सम्बन्धित

## (कार्यक्षेत्र पुनः'निर्धारणका लागि सहकारी संस्थाले पेश गर्नु पर्ने निवेदनको ढाँचा)

श्री दर्ता गर्ने अधिकारी ज्यू,
सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
माबुमोड,देउराली ।

विषयः <u>कार्यक्षेत्र पुनःनिर्धारण सम्बन्धी प्रतिबेदन</u> ।

सस्थाको नामः
ठेगानाः
साविक कार्यक्षेत्रः

| सि. नं. | स्थान (गा.पा./न.पा. वडा) वडा वाइज | सदस्य संख्या | शेयर पूजी (रकम) | बचत निक्षेप (रकम) | लगानी (रकम) |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

१. वडागत सदस्यता विश्लेषणः

२. थप वा घटाउन माग गरिएको कार्यक्षेत्रः

३. थप वा घटाउन पर्ने कार्यक्षेत्रको कारण र औचित्यः

छाप निबेदक

स्थाः

दस्तखतः

पदः

## अनुसूची – ९
### (नियम ११ सँग सम्बन्धित)
### विनियममा उल्लेख गर्नुपर्ने अङ्ग तथा विषयहरू :

प्रस्तावना :

१. सक्षिप्त नाम र प्रारम्भ

२. संस्थाको नाम र ठेगाना

३. परिभाषा

४. उद्देश्य

५. कार्य

६. कार्यक्षेत्र

७. संस्थाको सदस्य

८. सदस्यताको योग्यता

९. सदस्यताको लागि निवेदन र प्राप्ति

१०. सदस्यताको अन्त्य

११. सदस्यको निष्कासन

१२. सदस्यताबाट राजिनामा

१३. पुन सदस्यता

१४. सदस्यको काम, कर्तब्य र अधिकार

१५. सदस्यता खुल्ला रहने

१६. सदस्यता प्राप्ति, पुन प्राप्ति र राजिनामा स्वैच्छिक हुनुपर्ने

१७. शेयर पूँजी
१८. सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्ने
१९. थप शेयर खरिद गर्न सक्ने
२०. शेयर फिर्ता वा हस्तान्तरण
२१. प्रवेश शुल्क
२२. कृत्रिम छेकबार नलगाइने
२३. शेयर प्रमाण-पत्र
२४. सदस्यको दायित्व सीमित हुने
२५. प्रारम्भिक साधारण सभा
२६. बार्षिक साधारण सभा
२७. बिशेष साधारण सभा
२८. साधारण सभाको बैठक
२९. साधारण सभाको काम, कर्तब्य र अधिकार
३०. साधारण सभाको निर्णय अनिवार्य हुने
३१. गाँउ/टोल/उपक्षेत्रीय बैठक
३२. गाँउ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरु
३३. गाँउ/टोल/उपक्षेत्रीय बैठकको कार्य ब्यबस्था
३४. सञ्चालक समिति
३५. समितिको काम, कर्तब्य र अधिकार
३६. समितिको बैठक
३७. लेखा सुपरिवेक्षण समिति
३८. उत्तरदायित्व श्रृंखला
३९. अध्यक्षको काम, कर्तब्य र अधिकार
४०. ब्यबस्थापकको नियुक्ति
४१. ब्यबस्थापकको काम, कर्तब्य र अधिकार
४२. बिशेष जिम्मेवारी
४३. कर्मचारीको नियुक्ति तथा सेवाका सर्तहरु
४४. संस्थाको कोष
४५. कोषको सुरक्षा
४६. कोषको उपयोग
४७. जगेडा कोष
४८. संरक्षित पुँजी फिर्ता कोष
४९. लाभांश वितरण नगरिने
५०. जगेडा कोषमा रकम सार्नुपर्ने
५१. बचत सङ्कलन गर्न सक्ने/नसक्ने

५२. बचत सङ्कलनमा सीमा
५३. ऋण दिन सक्ने
५४. ऋण प्रवाहमा सीमा
५५. ऋणबाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने
५६. साधारण सभाको स्वीकृति लिनुपर्ने
५७. सदस्य केन्द्रीयता
५८. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध
५९. कर्मचारीसँगको कारोबारमा निर्बन्धन
६०. जोखिम मूल्याङ्कन
६१. कारोबार नगरिने
६२. कारोबारको लेखा
६३. खाताबही
६४. आन्तरिक हिसाव जाँच
६५. वार्षिक हिसाव जाँच
६६. बिद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने
६७. अन्य आधारभूत कागजात
६८. एकीकृत सूचना प्रणालीमा आवद्धता
६९. दर्ता अधिकारी वा दर्ता अधिकारीबाट अधिकार प्राप्त अधिकारीसमक्ष प्रतिवेदन
७०. बित्तिय जानकारी/एकाईमा प्रतिवेदन
७१. साधारण सभामा जानकारी गराउनु पर्ने
७२. हकवालाको मनोनयन
७३. हक दाबी वा नामसारी
७४. निर्वाचन
७५. शपथ ग्रहण
७६. एकीकरण वा विभाजन
७७. कार्यान्वयन अधिकारी
७८. मध्यस्थता
७९. समानता र समता
८०. विनियम संशोधन
८१. साधारण सभाले कार्यविधि बनाउन सक्ने
८२. ब्याख्या गर्ने अधिकार
८३. ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने ।